आज मिति २०८१/७/२३ का दिन समस्याग्रस्त सहकारी व्यवस्थापन समिति र सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियानका अध्यक्ष श्री कुशलव के.सि र निजका प्रतिनिधिहरु विच पीडित बचतकर्ताको बचत फिर्तालाई अझ प्रभावकारी बनाउनका लागि दुवै पक्ष विच तपसिल वमोजिमका बुदामा समझदारी गरी कार्य अगाडि बढाउने प्रतिवद्धता सहित दुवै पक्ष बाट हस्ताक्षर गरिएको छ ।

<u>तपसिल</u>

- समस्याग्रस्त सहकारी व्यवस्थापन समिति र बचतकर्ता संरक्षण राष्ट्रिय अभियानका अध्यक्ष श्री कुशलव के.सि र निजका प्रतिनिधिहरु विचको प्रभावकारी समन्वय र सहकार्यमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी र बचत फिर्तालाई प्रभावकारी गराउने ।
- अवउपरान्त समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट संकलित रकम वितरण गर्दा अभियानका अध्यक्ष वा प्रतिनिधिको सल्लाह सुझाव लिई कानुन वमोजिम दुवै पक्षका सहमतिमा बचत फिर्ताका कार्यहरु गर्ने ।
- समस्याग्रस्त सहकारीका अचल सम्पत्ति, शेयर लगायतका सम्पूर्ण यस समितिबाट रोक्का गरिएका सम्पत्तिहरु लिलामि प्रक्रिया अगाडि बढाउदा र बैंक तथा वित्तीय संस्थाबाट रोक्का राखिएका सम्पत्ति लिलामि प्रक्रियामा लैजादा अभियानका अध्यक्ष वा प्रतिनिधिको सुझाव सल्लाहमा नियमानुसार गर्ने ।
- ऋणी र बचतकर्ताहरुको मिलान गर्दा बचतकर्ताको बचत फिर्तालाई प्राथमिकतामा राखि अभियानका प्रतिनिधिहरुको समेत सुझाव लिई गर्ने ।
- माथि उल्लेखित बुँदाका अलावा अन्य विषयमा समझदारी कायम गरी पीडितहरुको बचत फिर्ताको लागि अगाडि बढ्ने ।

<u>समझदारी पत्रमा हस्ताक्षर गर्ने ।</u>

| <u>समस्याग्रस्त सहकारी व्यवस्थापन समिति</u> | हस्ताक्षर | <u>बचतकर्ता संरक्षण राष्ट्रिय अभियानको तर्फबाट</u> | हस्ताक्षर |
|---|---|---|---|
| श्री केशव प्रसाद पौडेल (सदस्य सचिव) | | श्री कुशलव के.सि | |
| | | कोषाध्यक्ष श्री देव कुमार श्रेष्ठ | |
| | | श्री राज कुमार घिमिरे (बचतकर्ता गोरखा सहकारी) | |
| | | श्री बलराम राज भण्डारी (वचतकर्ता गोरखा सहकारी) | |
| | | श्री सक्कुल राउत (बचतकर्ता गोरखा सहकारी) | |

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालय
समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
काठमाडौं